# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, भदौ १ गते २०३८ साल ( संख्या १९


श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

हवाई अड्डा दस्तूर नियमावली, २०३८

गैरसैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम हवाई अड्डा दस्तूर नियमावली, २०३८ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "हवाई अड्डाको प्रमुख" भन्नाले हवाई अड्डाको प्रमुखको हैसियतमा काम गर्नको लागि श्री ५ को सरकारबाट नियुक्त भएको कर्मचारी सम्झनुपर्छ ।

(ख) "सवारी साधन" भन्नाले मोटर, कार, बस, मिनीबस, ट्रक, लहरी, टेम्पो, मोटरसाइकल, स्कुटर आदिलाई सम्झनुपर्छ र सो शब्दले इन्धनको शक्तिले चल्ने अन्य सवारी साधनलाई समेत जनाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. <u>अवतरण (लैण्डिङ्ग) दस्तूर</u>: (१) नेपाल अधिराज्यको सरकारी वा गैरसरकारी हवाई अड्डामा अन्तर्राष्ट्रिय वा आन्तरिक उडानको कुनै वायुयान अवतरण (लैण्डिङ्ग) गर्दा प्रत्येक अवतरणको लागि अनुसूची १ मा तोकिएबमोजिमको अवतरण दस्तूर लाग्नेछ। तर हेलिकोप्टरको अवतरण दस्तूर अनुसूची १ मा तोकिएको दस्तूरको आधा मात्र हुनेछ।

(२) अन्तर्राष्ट्रिय उडानको कुनै वायुयान गन्तव्य स्थानमा जान नसकी नेपाल अधिराज्यको कुनै सरकारी वा गैरसरकारी हवाई अड्डामा अवतरण गरेमा अन्तर्राष्ट्रिय उडान बापत कै अवतरण दस्तूर लाग्नेछ।

(३) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि हवाई विभागको लिखित स्वीकृति भएमा परीक्षण वा प्रशिक्षण अवतरण वा कूटनैतिक सुविधा प्राप्त व्यक्तिको वायुयानको अवतरणमा कुनै दस्तूर लाग्ने छैन।

४. <u>बिसान (पार्किङ्ग) दस्तूर</u>: (१) नेपाल अधिराज्यको सरकारी वा गैरसरकारी हवाई अड्डामा वायुयान बिसान (पार्किङ्ग) गर्दा प्रत्येक बिसानको लागि अनुसूची २ मा तोकिएबमोजिमको बिसान दस्तूर लाग्नेछ।

तर हेलिकोप्टरको बिसान दस्तूर अनुसूची २ मा तोकिएको दस्तूरको आधा-मात्र हुनेछ।

(२) उपनियम (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा बिसान दस्तूर लाग्ने छैन।

(क) हवाई विभागको लिखित स्वीकृति भएमा कूटनैतिक सुविधा प्राप्त वायुयान।

(ख) जाँच वा निरीक्षण गर्नु पर्ने वा अन्य कुनै परिस्थितिबस सरकारी निगरानीमा राख्न आवश्यक ठहराई हवाई विभागले दिएको लिखित आदेशबमोजिम बिसान गरिएको वायुयान।

(ग) छ घण्टासम्म मात्र बिसान गरिएको वायुयान।

(३) हवाई अड्डामा वायुयान बिसान गरिएकोमा छ घण्टाभन्दा बढी समय बिसान गरिएको भए चौबीस घण्टासम्मलाई एक पटक कायम गरी बिसान दस्तूर लिइनेछ।

५. <u>गृह आश्रय (हाउसिङ्ग) दस्तूर</u>: गृह आश्रय (हाउसिङ्ग) को सुविधा भएको हवाई अड्डामा हैङ्गर वा यस्तै अन्य प्रकारको आश्रयमा चौबीस घण्टा वा सोभन्दा घटी जतिसुकै समयको लागि वायुयान आश्रय गरे पनि त्यसलाई एक पटक कायम गरी प्रत्येक पटकको लागि अनुसूची ३ मा तोकिएबमोजिमको गृह आश्रय दस्तूर लाग्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. उड्डयन सहाय सुविधा (एयर नेभिगेशन फेसिलिटी) दस्तूर : नेपाल अधिराज्यको सरकारी वा गैरसरकारी हवाई अड्डामा अन्तर्राष्ट्रिय उडानको वायुयान उत्रँदा वा नेपालको वायुक्षेत्र भएर अन्य कुनै देशको लागि वायुयान उडान गर्दा उड्डयन सहाय सुविधा (एयर नेभिगेशन फेसिलिटी) प्रयोग गरे बापत पटकैपिच्छे अनुसूची ४ मा तोकिएबमोजिमको उड्डयन सहाय सुविधा दस्तूर लाग्नेछ।

तर हवाई विभागको लिखित स्वीकृति भएमा कूटनैतिक सुविधा प्राप्त वायुयानलाई उड्डयन सहाय सुविधा दस्तूर लाग्ने छैन।

७. तेल दस्तूर : नेपाल अधिराज्यको सरकारी वा गैरसरकारी हवाई अड्डामा वायुयानको लागि तेल बिक्री गर्दा तेल बिक्रेतालाई बिक्री भएको तेलको प्रतिलिटर एक पैसाको दरले तेल दस्तूर लाग्नेछ।

८. मालसामान (कार्गो) दस्तूर : (१) विदेशबाट वायुयानद्वारा नेपाल अधिराज्यमा आयात हुने मालसामानमा प्रति किलोग्रामको बीस पैसाको दरले मालसामानमा दस्तूर लाग्नेछ।

(२) मालसामान दस्तूर मालसामान ल्याउने सम्बन्धित वायु सेवा (एयरलाइन) ले तिर्नु पर्नेछ।

(३) मालसामानको तौल गर्दा एक किलोभन्दा कमको चानचुन तौल आएमा त्यसको पनि एक किलोग्रामकै हिसाब गरी दस्तूर लगाइनेछ।

९. सवारी साधन बिसान (पार्किङ्ग) दस्तूर : (१) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई अड्डाको प्रमुखले तोकेको बिसान (पार्किङ्ग) क्षेत्रमा मात्र सवारी साधन बिसान गर्नु पर्नेछ र त्यसरी बिसान गरे बापत पटकैपिच्छे अनुसूची ५ मा तोकिएबमोजिमको बिसान दस्तूर लाग्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका सवारी साधनहरूमा बिसान दस्तूर लाग्ने छैन :–

(क) श्री ५ को सरकारको सवारी साधनहरू

(ख) रेडक्रसको सवारी साधनहरू

(ग) बारूणयन्त्र र यस्तै उद्धार कार्यमा प्रयोग गरिने सवारी साधनहरू

(घ) हवाई अड्डाको प्रमुखले बिसान दस्तूर नलाग्ने गरी लिखित आदेश दिएका सवारी साधनहरू।

(३) अनुसूची ५ मा बिसान दस्तूरको जुनसुकै दर तोकिएको भए तापनि हवाई अड्डाको इलाकाभित्रको बिसान क्षेत्रमा नियमित रूपमा बिसान गर्ने सवारी साधनको लागि कसैले मासिक दरले बिसान दस्तूर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बुझाउन चाहेमा प्रत्येक सवारी साधनमा तीस दिनको लागि लाग्ने जम्मा दस्तूरको दुइ-तिहाई मात्र मासिक बिसान दस्तूर लाग्नेछ ।

तर मासिक दरले बुझाउनु पर्ने बिसान दस्तूर महीना शुरू हुनुअगाडि नै अग्रिम रूपमा बुझाउनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम तोकेको बिसान क्षेत्रमा हवाई अड्डाको प्रमुखले कुनै सवारी साधनलाई बिसान गर्न नदिन वा बिसान गरेको कुनै सवारी साधनलाई उक्त क्षेत्रबाट हटाउन आदेश दिन सक्नेछ ।

१०. प्रवेश शुल्क : (१) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय विमानस्थल भवनभित्र प्रवेश गर्ने यात्रुवाहेक अन्य व्यक्तिलाई एक रूपैयाँ प्रवेश शुल्क लाग्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिहरूलाई प्रवेश शुल्क लाग्ने छैनः–

(क) हवाई विभाग तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका कर्मचारीहरू ।

(ख) दुई वर्षसम्मको बालक।

(ग) बिसानस्थल क्षेत्रको कामसंग सम्बन्धित संस्थान, वायु सेवा र अन्य कार्यालयका कर्मचारी तथा व्यक्तिहरू ।

(घ) हवाई अड्डाको प्रमुखले प्रवेश शुल्क नलाग्ने व्यवस्था गरेका व्यक्तिहरू ।

११. भवन तथा कोठा बहाल : नेपाल अधिराज्यको कुनै सरकारी हवाई अड्डाको इलाकाभित्रको भवन वा भवनको कुनै भाग वा कोठा बहालमा दिंदा अनुसूची ६ मा तोकिएबमोजिमको बहाल लाग्नेछ।

१२. वायुयान आश्रय गृह (हैङ्गर) बहाल : नेपाल अधिराज्यभित्रको सरकारी हवाई अड्डाको इलाकाभित्रको वायुयान आश्रय गृह (हैङ्गर) बहालमा दिंदा प्रतिवर्ष प्रति स्क्वायर मिटरको पैंसट्ठी रूपैयाँको दरले बहाल लाग्नेछ।

१३. जग्गा बहाल : (१) नेपाल अधिराज्यको सरकारी हवाई अड्डाको इलाकाभित्रको जग्गा कसैलाई बहालमा दिंदा प्रतिवर्ष प्रति स्क्वायर मिटरको चौबीस रूपैयाँको दरले बहाल लाग्नेछ ।

(२) उपनियम (१) बमोजिम जग्गा बहालमा लिनेले त्यस्तो जग्गामा कुनै घर, भवन, गोदाम वा अन्य कुराको निर्माण गर्दा श्री ५ को सरकारको पूर्व स्वीकृत लिनु पर्नेछ र यसरी स्वीकृति दिंदा श्री ५ को सरकारले आवश्यक शर्तहरू तोकन सक्नेछ ।

१४. मर्मत तथा संभार : यस नियमावलीबमोजिम भवन, कोठा, वायुयान आश्रय गृह र जग्गा आदि बहालमा लिने व्यक्तिले त्यस्तो भवन, कोठा वायुयान

२३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आश्रय गृह र जग्गा वा सो जग्गामा बनेको घर, भवन, र गोदामको मर्मत तथा सम्भार आफैले गर्नु पर्नेछ ।

१५. विज्ञापनको लागि दस्तूर : नेपाल अधिराज्यको सरकारी हवाई अड्डाको इलाका-भित्रको भवनभित्र वा बाहिर विज्ञापनको लागि कसैलाई ठाउँ दिंदा प्रति वर्ष प्रति स्क्वायर मिटरको छ सय रूपैयाँका दरले दस्तूर लाग्नेछ ।

१६. दस्तूरको लागि तौल कायम गर्ने : (१) यस नियमावलीको प्रयोजनको लागि वायुयानको अवतरण, बिसान, गृह आश्रय तथा उड्डयन सहाय सुविधा आदिको दस्तूरको सम्बन्धमा कुनै वायुयानको तौल कायम गर्दा त्यस्तो वायु-यानको उडान उपयुक्तताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयर वर्दिनेश ) मा उडान गर्न अनुमति प्राप्त अधिकतम तौल (म्याक्सिमम पर्मिसिवल टेक अफ वेट) को आधारमा कायम गरिनेछ ।

तर कुनै हवाई अड्डाको सम्बन्धमा कुनै वायुयानमा हवाई विभागले तौलको हद तोकेको भए त्यस्तो वायुयानको हकमा सोहीबमोजिमको तौल कायम गरिनेछ ।

(२) उप नियम (१) बमोजिम वायुयानको तौल कायम गर्दा दस्तूरको प्रयोजनको लागि एकहजार किलोग्रामभन्दा कमको चानचुन तौल ( फ्राक्शन वेट) लाई एकहजार किलोग्राम सरह नै हिसाब गरिनेछ ।

१७. दस्तूर तथा बहाल असूल गर्नेसम्बन्धी व्यवस्था : (१) यस नियमावली-बमोजिमको दस्तूर तथा बहाल सम्बन्धित हवाई अड्डाको प्रमुखले असूल गर्नु गराउनु पर्नेछ र निजले तत्सम्बन्धी मासिक प्रतिवेदन हवाई विभागमा पठाउनु पर्नेछ ।

(२) नेपाल अधिराज्यको सरकारी वा गैरसरकारी हवाई अड्डामा लाग्ने अवतरण बिसान गृह आश्रय उड्डयन सहाय सुविधा मालसामान र तेल दस्तूर तत्कालै बुझाउनु पर्नेछ ।

(३) उप-नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमित रूपमा संचालित कुनै वायुयानको हकमा भने त्यस्तो दस्तूर महीना महीनामा एकै पटक हिसाब गरी एकमुष्ट बुझाउन सकिने गरी हवाई विभागले सहूलियत दिन सक्नेछ ।

(४) उप-नियम (३) बमोजिमको सुविधा प्राप्त वायु सेवाले आफूले बुझाउनु पर्ने दस्तूर बिल प्राप्त गरेको एक्काईस दिनभित्र बुझाउनु पर्नेछ ।

(५) कोठा, जग्गा र वायुयान आश्रय गृह बहाल तथा विज्ञापन दस्तूर आदि प्रत्येक वर्षको अग्रिम भुक्तानी दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. उडानमा रोक लगाउन सकिने: (१) नियम १७ को उपनियम (४) बमोजिमको म्यादभित्र आफूले बुझाउनु पर्ने दस्तूर नबुझाएमा हवाई अड्डाको प्रमुखले त्यस्तो वायु सेवालाई सात दिनको म्याद दिई सो समयभित्र उक्त दस्तूरको सयकडा दशका दरले थप शुल्कसमेत लगाई सो नबुझाएमा वायुयानको उडानमा रोक लगाइने कुराको लिखित सूचना दिन सक्नेछ ।

(२) हवाई अड्डाको प्रमुखले उपनियम (१) बमोजिम दिइएको म्यादभित्र पनि दस्तूर नबुझाउने वायु सेवाको वायुयानको उडानमा रोक लगाउन सक्नेछ र त्यसरी वायुयानको उडानमा रोक लगाइएको कुराको सूचना निजले छिटो साधनद्वारा हवाई विभागमा पठाउनु पर्नेछ ।

१९. अरूलाई प्रयोग गर्न दिन नहुने: यो नियमावलीबमोजिम कसैले दस्तूर वा बहाल तिर्ने गरी लिएको भवन, कोठा, वायुयान आश्रय गृह र जग्गा तथा सो जग्गामा बनेको घर, भवन वा गोदाम अरूलाई प्रयोग गर्न दिन पाइने छैन ।

२०. यो नियमावली प्रारम्भ हुनुभन्दाअघि बहालमा दिइएको भवन, कोठा र जग्गाको सम्बन्धमा: यो नियमावली प्रारम्भ हुनुभन्दा अगाडि हवाई अड्डाको इलाकाभित्रको कुनै भवन, कोठा वा जग्गा जुन दरमा जति अवधिको लागि बहालमा दिइएको छ सो अवधिसम्म सोही दरमा बहाल लिइनेछ र सो अवधि समाप्त भएपछि यस नियमावलीमा तोकिएको दर बमोजिमको बहाल लिइनेछ ।

२१. अनुसूचीमा संशोधन: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा संशोधन गर्न सक्नेछ ।

२२. खारेजी: वायुयान अवतरण, बिसान र गृह आश्रय (लैण्डिङ्ग, पार्किङ्ग,हाउसिङ्ग) दस्तूर नियमावली, २०२८ खारेज गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

(नियम ३ संग सम्बन्धित)

### अवतरण दस्तूर

(क) अन्तर्राष्ट्रिय उडानको वायुयानमा

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. दश हजार किलोग्रामसम्मलाई– | दश रूपैयाँ प्रति हजार किलोग्रामको दरले । |
| २. दश हजार किलोग्रामभन्दा बढी पच्चीस हजार किलोग्रामसम्मलाई– | पहिलो दश हजार किलोग्रामको एकसय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको बीस रूपैयाँका दरले । |
| ३. पच्चीस हजार किलोग्रामभन्दा बढी पचास हजार किलोग्रामसम्मलाई– | पहिलो पच्चीस हजार किलोग्रामको चार सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको तीस रूपैयाँका दरले । |
| ४ पचास हजार किलोग्रामभन्दा बढी पचहत्तर हजार किलोग्रामसम्मलाई– | पहिलो पचास हजार किलोग्रामको एक हजार एकसय पचास रूपैयाँ र त्यस पछिको प्रत्येक हजार किलोग्रामको पचास रूपैयाँका दरले । |
| ५. पचहत्तर हजार किलोग्रामभन्दा बढी एकलाख किलोग्रामसम्मलाई– | पहिलो पचहत्तर हजार किलोग्रामको दुई हजार चारसय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको साठी रूपैयाँका दरले । |
| ६. एक लाख किलोग्रामभन्दा बढी जति सुकै तौलको भए तापनि– | पहिलो एक लाख किलोग्रामको तीन हजार नौसय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सत्तरी रूपैयाँका दरले । |

२२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आन्तरिक उडानको वायुयानमा (त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा)

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. दश हजार किलोग्रामसम्मलाई– | आठ रूपैयाँ प्रति हजार किलोग्रामको दरले। |
| २. दश हजार किलोग्रामभन्दा बढी पच्चीस हजार किलोग्रामसम्मलाई– | पहिलो दश हजार किलोग्रामको अस्सी रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सोन्ह रूपैयाँका दरले। |
| ३. पच्चीस हजार किलोग्रामभन्दा बढी पचास हजार किलोग्रामसम्मलाई– | पहिलो पच्चीस हजार किलोग्रामको तीनसय बीस रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पच्चीस रूपैयाँका दरले। |
| ४. पचास हजार किलोग्रामभन्दा बढी जतिसुकै तौलको भए तापनि– | पहिलो पचास हजार किलोग्रामको नौसय पैंतालीस रूपैयाँ र त्यसपछि प्रत्येक हजार किलोग्रामको तीस रूपैयाँका दरले। |

(ग) आन्तरिक उडानको वायुयानमा (अन्य विमानस्थलमा)

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. दश हजार किलोग्रामसम्मलाई– | चार रूपैयाँ प्रति हजार किलोग्रामका दरले। |
| २. दश हजार किलोग्रामभन्दा बढी बीस हजार किलोग्रामसम्मलाई– | पहिलो दश हजार किलोग्रामको चालीस रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सात रूपयाँका दरले। |
| ३. बीस हजार किलोग्रामभन्दा बढी जति सुकै तौलको भए तापनि– | पहिलो बीस हजार किलोग्रामलाई एक सय दश रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चौध रूपैयाँका दरले। |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – २
### (नियम ४ संग सम्बन्धित)
### वायुयान बिसान दस्तूर

**(क) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा**

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. पचास हजार किलोग्रामसम्मलाई– | आठ रूपैयाँ प्रति हजार किलोग्रामको दरले । |
| २. पचास हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्मलाई– | पहिलो पचास हजार किलोग्रामको चार सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको बाऱ्ह रूपैयाँका दरले । |
| ३. एक लाख किलोग्रामभन्दा बढी जति सुकै तौलको भए तापनि– | पहिलो एक लाख किलोग्रामको एक हजार रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सोऱ्ह रूपैयाँका दरले । |

**(ख) अन्य विमानस्थलमा**

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. चालीस हजार किलोग्रामसम्मलाई– | पाँच रूपैयाँ पचास पैसा प्रति हजार किलोग्रामको दरले । |
| २. चालीस हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्मलाई– | पहिलो चालीस हजार किलोग्रामको दुई सय बीस रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको आठ रूपैयाँका दरले । |
| ३. एक लाख किलोग्रामभन्दा बढी जति सुकै तौलको भए तापनि– | पहिलो एक लाख किलोग्रामको सात सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एघार रूपैयाँका दरले । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – ३
(नियम ५ संग सम्बन्धित)
गृह आश्रय दस्तूर

(क) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा

| वायुयानको तौल | दस्तूर |
| --- | --- |
| १. पचास हजार किलोग्रामसम्मलाई– | सोह्र रूपैयाँ प्रति हजार किलोग्रामको दरले। |
| २. पचास हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्मलाई– | पहिलो पचास हजार किलोग्रामको आठ सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चौबीसका दरले। |
| ३. एक लाख किलोग्रामभन्दा बढी जति सुकै तौलको भए तापनि– | पहिलो एक लाख किलोग्रामको दुई हजार रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको बत्तीस रूपैयाँका दरले। |

(ख) अन्य विमानस्थलमा

| वायुयानको तौल | दस्तूर |
| --- | --- |
| १. चालीस हजार किलोग्रामसम्मलाई– | एघार रूपैयाँ प्रति हजार किलोग्रामको दरले। |
| २. चालीस हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्मलाई– | पहिलो चालीस हजार किलोग्रामको चारसय चालीस रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सोह्र रूपैयाँका दरले। |
| ३. एक लाख किलोग्रामभन्दा बढी जति सुकै तौलको भए तापनि– | पहिलो एक लाख किलोग्रामको चौध सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको बाईस रूपैयाँका दरले। |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनूसूची–४
(नियम ६ संग सम्बन्धित)

### उड्डयन सहाय सुविधा दस्तूर

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. पच्चीस हजार किलोग्रामसम्मलाई– | तीन सय रूपैयाँ । |
| २. पच्चीस हजार किलोग्रामभन्दा बढी पचास हजार किलोग्रामभन्दा कमलाई– | पाँच सय रूपैयाँ । |
| ३. पचास हजार किलोग्राम र सोभन्दा बढी पचहत्तर हजार किलोग्रामसम्मलाई– | एक हजार रूपैयाँ । |
| ४. पचहत्तर हजार किलोग्रामभन्दा बढी जति सुकै तौलको भए तापनि– | दुई हजार रूपैयाँ । |

## अनुसूची–५
(नियम ६ संग सम्बन्धित)

### सवारी साधन बिसान दस्तूर

| सवारी साधनको किसिम | दस्तूर (२४ घन्टासम्मको लागि) |
|---|---|
| १. कार, जीप तथा टेम्पो– | एक रूपैयाँ । |
| २. मोटरसाइकल र स्कुटर– | पचास पैसा । |
| ३. बीस सिटभन्दा कम क्षमताको मिनीबस वा बस– | दुई रूपैयाँ । |
| ४. बीस सिटभन्दा बढी क्षमता भएको मिनीबस वा बस र ट्रक– | पाँच रूपैयाँ । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–६
(नियम ११ संग सम्बन्धित)
भवन तथा कोठा बहाल

| क्रमसंख्या | हवाई अड्डा | प्रति महीना प्रति स्क्वायर मिटरको |
|---|---|---|
| १. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल | रु. ३६।– |
| २. | अन्य विमानस्थल | रु. ५।– |

आज्ञाले–
ज्ञानप्रसाद शर्मा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।